आध्यात्मिक चेतना सेवा
काठमाडौं, नेपाल

*प्रारंभिक मस्यौदा*

# संयूक्त धार्मिक तत्परता (यूनाइटेड रिलिजन्स इनिसियटिभ्)

संयूक्त धार्मिक तत्परता (यू.आर. आइ.) सहनसिलताको प्रबर्द्धन गर्ने, दिगो अन्तरविश्वासको समन्वय गर्ने, धार्मिक दूराग्रहबाट उत्पन्न हिंसाको अन्त्य गर्ने र ब्रह्माण्ड तथा समस्त चराचर जगतमा शान्ति, न्याय र आरोग्यता कायम राख्न अभिमूख भई समर्पित एक विश्वव्यापी समुदाय हो ।

यस महाद्धीप तथा अन्तर महाद्धीप भित्र रहेका विविध धर्मावलम्वी जनता, उनीहरुको आध्यात्मिक भावना र आ आफनै लौकिक परम्पराबाट उत्पन्न विश्वव्यापी समन्वय वा सहिष्णूताको लागि यो समूदाय कार्यरत छ । आज यस संयूक्त धर्म तत्परताको उत्पत्ति संगै एक समून्नत र सून्दर बिश्वको परिकल्पनाका साथ जनतामा आशाका किरणहरु पलाएका छन । यो एउटा विश्वकै त्यस्तो परिकल्पना हो जसमा बुद्धि विवेक र परम्पराको मूल्य मान्यता र नैतिक उपदेशले जनताको सेवा गर्न निर्देशित गर्दछ, जहां जनता एक अर्काको विश्वास प्रति सम्मान गर्दछन, जहां विश्व समूदायलाइ आशातित सून्दर भविष्य निर्माण र आरोग्यता प्राप्त गर्न आफ्नो तिव्र चाहना अनूरुप सामान्य जनताहरु एकसाथ कार्य गर्दै सहयोग गर्दछन र समयको कालखण्डमा यू.आर.आइ.को परिदृष्य संयूक्त राष्ट्हरुमा पनि पराबर्तन होस भन्ने इच्छा वा चाहना रहेको छ ।

सन् १९९६ देखि विश्वका हजारौं जनताहरुले आआफनो दृष्टिकोण साटासाट गर्दै यू.आर.आइ. को श्रृजनाको लागि एकैसाथ कार्य गरेका छन् । आध्यात्मिक मूल्य र नैतिक आदर्शको आदानप्रदान गर्नको लागि बिश्वब्यापी रुपमा उच्च नैतिकताका साथ श्रृजित यो नयां किसिमको संगठन हो । विविध संस्कृति र परिवेशमा रहेका जनताहरुले यो संगठनको उत्पत्तिका लागि कार्य गर्दै आइरहेका छन् जसमा आफ्नै अर्न्तनिहित, पदसोपान नभएको र विकेन्द्रित सांगठनिक ढांचा रहेको छ फलत हरेकमा सद्भावना, स्वायत्तता र व्यक्तिगत अवसरहरुको अभिवृद्धि हूनजान्छ । विविध संस्कृति मान्ने मानिसहरुको यस पकारको सहसृजीत कामबाट एक अनुपम खालको सांगठनिक संरचनाको निर्माण हुन गएको छ जो आफै सुसंगठित भई स्थानीय तवरमा संचालन हुन्छ र यसको अन्तर सम्वन्ध विश्वव्यापी रुपमा जोडिन्छ ।

यस यू.आर.आइ. को विधान विश्वका तमाम मानिसहरुको चाहनाको प्रतिविम्व स्वरुप तयार पारिएको छ । यसको आवश्यक अन्तर चाहना, नैतिक आदर्श र दृष्टिकोण यसै प्रस्तावना, उद्देश्य र सिद्धान्तहरुमा व्यक्त गरिएको छ । जसले यू.आर.आइ का क्रियाकलाप प्रति प्रेरित र समर्पित भई पथ पदर्शन गर्दछ ।

यस विधानमा निम्न कूराहरु समावेश छन्र्

विश्वमा असल कामको लागि असामान्य जनमतको साझेदार हून तपाईहरु हार्दिक रुपमा आमन्त्रीत हुनुहुन्छ । यो विधान नै तपाईको लागि त्यस्तो आमन्त्रण हो ताकि तपाई यसको निरन्तर सृजनाका खातिर सदा सहभागि वन्न सक्नोस ।

हार्दिक स्वागतम् ।

प्रस्तावना :

एक आव्हान जसले हामीलाइ समयमै यू.आर.आइ.को श्रृजना गर्न र दिनप्रतिदिन यसको विस्तारमा निरन्तरता दिन प्रेरित गर्दछ ।

उद्देश्य :

एक आलेख जस्ले हाम्रा साझा सवालहरुको बिषयमा सबैलाइ एक ठाउमा संलग्न गरि दिन्छ ।

सिद्धान्त :
आधारभुत मान्यताहरु जसले हामीलाइ हाम्रो संरचना, निर्णय र बिषय बस्तु निर्धारण गर्नको लागि पथ पदर्शन गर्दछ ।

सांगठनिक ढांचा :

सांगठनिक ढांचा निर्माण गर्ने एक मार्ग जसले अर्न्तरसहयोग लाई वढावा गर्ने र आत्मिक चाहनाको गति लाई बढोत्तरी गर्न मद्दत पूर्‍याउछ ।

कार्यान्वयन निर्देशिका :

एउटा कार्य पारुप खासगरि विश्वव्यापी यू.आर.आइ. समूदाय लाई सत्मार्गमा लैजान र पथपदर्शन गर्नको लागि लागू हूनेछ ।

यो विश्वव्यापी यू.आर.आइ. संगठनको जन्म सन् २००० को जून महिनामा हूनेछ । यसलाई जन्म दिन र विस्तारगर्न एवं

# प्रस्तावना

हामी, विविध संस्कृति, आध्यात्मिक भावना र स्वदेशी परम्परामा समर्पित विश्वभरिका जनताहरु सहनसिलताको प्रबर्द्धन गर्न, दिगो अन्तरविश्वासको समन्वय गर्न, धार्मिक दूराग्रहबाट उत्पन्न हिंसाको अन्त्य गर्न र ब्रह्माण्ड तथा समस्त चराचर जगतमा शान्ति, न्याय र आरोग्यता कायम राख्न एक यू.आर.आइ. नामक संगठन स्थापना गर्दछौं ।

हामी, हरेक परम्पराको अनूपमता र यसको विश्वास वा अभ्यासमा देखापरेका विविधताहरुको सम्मान गर्दछौं ।

हामी, अरुको सम्मान गर्ने आवाजहरुलाई मान्यता पदान गर्दछौ र हामो नैतिक आदर्श र विवेकको आदानप्रदानले सबैको हितकारी कार्य गर्न अगुवाई गर्छ भन्ने कुरामा विश्वास गर्दछौ ।

हामी, हाम्रे धार्मिक र आध्यात्मिक जीन्दगीले हामीलाई विभाजन गर्ने नभइ असल समूदायको  निर्माण गर्न र एक आपसमा संमानभाव वा आदरभाव राख्न पथपदर्शन गर्दछ भन्ने कूरामा विश्वस्त छौ ।

यसर्थ, हामी आफ्नो रितिरिवाजमा परस्पर निर्भर रहने मानिसहरु जस्तै अहिले समस्त चराचरको हितका लागि एकवद्ध भएका छौं ।

हामी, शान्ति र न्यायको संस्कार निर्माण गर्न एकजूट छौ ।

हामी, पृथ्वी वा जगतको संरक्षण र आरोग्यताको लागि एकजूट छौं ।

हामी, विवादको समाधान गर्न, सामाजिक स्वस्थता कायम राख्न र पून: मैत्रिपूर्ण सम्बन्ध कायम राख्ने एक सूरक्षित स्थान बनाउन एकजूट छौ ।

हामी, धार्मिक स्वतन्त्रता र आध्यात्मिक अभिव्यक्ति तथा अन्र्तराष्ट्रिय कानूनमा प्रत्याभूति गरिएका नागरिकहरुको अधिकारहरु माथि सहयोग पूर्याउन एकजूट छौं ।

हामी, हामा् धर्महरुको विवेक र नैतिक आदर्शहरु, आध्यात्मिक अभिव्यक्ति र आ आफनै लौकिक परम्पराको माध्यमबाट विश्वका चराचरहरुको आर्थिक, वातावरणीय, राजनैतिक र सामाजिक चूनौतिहरुको सामनाका लागि जिम्मेवारीपूर्वक सहयोगात्मक कार्य गर्न एकजूट छौ ।

हामी, विश्वका सबै नागरिकहरु विशेषगरि जसको आवाज सधै दवेर रहेको अवस्थामा छ तिनीहरुको अग्रसरता र सहभागिताको लागि विश्वव्यापी अवसर प्रदान गर्न एकजूट छौ ।

हामी, स्थिरता र अस्थिरताको दूवै अवस्थामा भगवान्को आर्शिवाद र विवेकशील प्रकाशको आनन्द का साथ उत्सव मनाउन एकजूट छौ ।

हामी, हाम्रो ब्रह्माण्ड र समस्त चराचर जगतमा न्याय र प्रेम कायम राख्न, हाम्रो वास्तविक सत्यता जगाउन, सहानूभूतिपूर्ण कार्यहरु गर्न र अहिंसा सूरक्षित गर्नको लागि हाम्रा संयूक्त साधन र स्रोतको उपयोग गर्न एकजूट छौ ।

## उद्देश्य

संयूक्त धार्मिक तत्परता (यू.आर. आइ.) को मूख्य उद्देश्य सहनसिलताको प्रबर्द्धन गर्ने, दिगो अन्तरविश्वासको समन्वय गर्ने, धार्मिक दूराग्रहबाट उत्पन्न हिंसाको अन्त्य गर्ने र ब्रह्माण्ड तथा समस्त चराचर जगतमा शान्ति, न्याय र आरोग्यता कायम राख्नू रहेको छ ।

## सिद्धान्तहरु

१. हामी एउटा तालमेल वा समन्वय गर्ने संस्थाको रुपमा रहेका छौं यो कूनै धर्म विशेष होइन ।
द्द. हामी आ आफनै लौकिक परम्परा, आध्यात्मिक अभिव्यक्ति र प्रत्येक धर्मको पवित्र भावनात्मक अभिव्यक्ति वा विवेकको सदा संमान गर्दछौं ।
३. हामी, स्वदेशी परम्परा, आध्यात्मिक अभिव्यक्ति र विविध धर्म विच भएको विविधताको सदा संमान गर्दछौं ।
४. हामी, हाम्रा सदस्यहरुलाई आ आफ्नै परम्परामा गहिरो वा दरिलो जरा गाडन उनीहरुलाइ उत्साहित गर्दछौं ।

५. हामी आपसी समझदारी र विश्वासलाइ गाढा बनाउन संमानजनक तरिकाले वोल्ने र आदरतापूर्वक सून्ने गर्दछौं ।

६. हामी आतिथ्यताको प्रदान र ग्रहण गर्दछौं ।

७. हामी कूनै कूरामा विभेद नगर्ने विभिन्न व्यवहारिक अभ्यासहरु र विविधताको पसादलाई स्वागत गर्दे त्यसको खोजी गर्दछौं ।

८. हामी यू.आर.आइ. को सबै पक्षहरुमा नारी र पूरुषको समान सहभागिताको लागि अभ्यासरत हून्छौं ।

९. हामी हिंसा र आतंक विना विवाद समाधान गर्न मेलमिलाप र सौहार्दता वा आरोग्यताको लागि प्रयास गर्दछौं ।

१०. हामी जैविक स्वस्थताको प्रयासबाट वर्तमान र भावी सन्ततिको लागि पृथ्वीको संरक्षण र संवर्द्धन गर्न मिलेर कार्य गर्दछौं ।

११. हामी अन्य विश्वसनीय प्रयासहरुवाट सहयोग लिने र दिने काम गर्दछौं ।

१द्द. हामी हाम्रो विधान, उद्देश्य र सिद्धान्तहरुलाइ अंगीकार गरी दस्तखत गर्ने सबै व्यक्तिहरु, संगठनहरु विभिन्न संघसंस्थालाइ सदस्यको हैसियतले स्वागत गर्दछौं ।

१३. हामीसंग स्थानीय स्तरमा निर्णयहरु गर्ने अधिकार रहेका छन् जसमा हाम्रा सहसंबन्धित र प्रभावित सबै पक्षहरुलाइ समावेश गर्न सकिन्छ ।

१४. हामी यस विधानको पस्तावना उद्धेश्य र सिद्धान्तहरु संग मिल्दो जुल्दो र स्थिर रहेका कुनै पनि क्रियाकलापका बिषयमा वा कुनै खास मुद्दाका सम्वन्धमा कुनै पनि भौगोलिक क्षेत्रमा । कुनै पनि मात्रामा र कुनै पनि ढाचांमा संगठित गर्ने अधिकार राख्दछौ ।

१५. हामो औपचारीक छलफल र निर्णयहरु संगठनको हरेक तहबाट गरिने छन । जसमा पभावित भएका विविध

सम्वेदनात्मक रुचिहरुको पस्तुती गर्ने तरिका निस्पक्ष हुनेछन र कसैको दवावका कारण पस्तुती र निर्णय गरिने छैन ।

१६. हामी (यू.आर. आइ. को प्रत्येक पक्ष) हाम्रो प्रस्तावना, उद्देश्य र सिद्धान्तहरुको मर्म पूरा गर्ने क्रममा अति आवश्यक श्रोत साधन र स्वायत्तता समेत त्याग गर्न सक्नेछौं ।

१७. हामीसंग एकातर्फ हाम्रो पक्षको आवश्यकता पूरा गर्न वित्तिय र अन्य साधन श्रोतको विकास र विस्तार गर्ने जिम्मेवारी रहेको छ भने अर्को तर्फ अरुको आवश्यकता पुरा गर्न सहयोग पूर्‌याउन वित्तिय र अन्य साधन श्रोतमा साझेदार हूने दायित्व समेत रहेको छ ।

१८. हामी, सहि र तथ्यगत सूचनाहरु सार्वजनिक गर्न, श्रोत र साधनको त्रुटि रहित तरिकाले उपयोग गर्न र नीतिगत कूराहरुको संचालन र त्यसको ऐक्यवद्धताको उच्च स्तर कायम राख्दछौ ।

१९. हामी सांगठनिक सीप हासिल गर्न र जूनसूकै वातावरणमा पनि घूलमिल हून प्रतिवद्ध छौं ।

२०. हामी हरेक भाषाको धनिपन र विविधतालाई गौरवकासाथ सम्मान गर्दछौ । साथै यू.आर.आई.को मर्म, पस्तावना, उद्धेश्य र सिद्धान्त संग मेल खानेगरी यसको विधान, नियम, विनियम र अन्य सम्वन्धित दस्तावेजहरुको आआफनै भाषामा अनुवाद र व्याख्या गर्ने जिम्मेवारी सहभागिहरुमा राख्न चाहन्छौ ।

द१. यू. आर. आइ. का सदस्यहरु कूनै किसिमको धर्म वा संस्कृतिलाइ स्वीकार गर्न कसैले वाध्य बनाउन र त्यसमा संलग्न हून वाध्यकारी हूने छैनन ।